सत्य तथ्य र निषपक्ष समाचारका सार्थी

दैनिक ज्योती जागरण

Jyoti Jagran Daily


वर्ष: २ | अंक : ११९ | वि.सं. २०७९ मंसिर १३ गते मंगलबार | 29, 2022 Tuesday, NOV | पृष्ठ संख्या : ४ | मूल्य ५ रुपैयाँ

# मधेशमा एमाले बन्यो पहिलो दल, सरकार नेतृत्व गरेको जसपा तेस्रो स्थानमा पुग्यो

**वीरगञ्ज, १२ मंसिर ।** मंसिर ४ गते सम्पन्न प्रतिनिधि तथा प्रदेशसभा सदस्य निर्वाचन, २०७९ को मतपरिणाम आउने क्रम अन्तिम चरणमा पुगेको छ ।

प्रतिनिधि तर्फ केही क्षेत्रका मतपरिणाम आउन् बाँकी रहेपनि प्रदेशतर्फ लगभग सम्पूर्ण स्थानको परिणाम सार्वजनिक भइसकेको अवस्था छ ।

मधेश प्रदेशमा पनि प्रत्यक्ष तर्फ प्रदेशसभाका सम्पूर्ण सिटको मतपरिणाम सार्वजनिक भएको छ । हालसम्म सार्वजनिक



मतपरिणामअनुसार प्रदेशसभाअन्तर्गतको प्रत्यक्षतर्फको मत परिणाम अनुसार १४ सिटससहित एमाले पहिलो दल हुन सफल भएको हो ।यसअघि २०७४ को निर्वाचनमा मधेश केन्द्रित दलहरुले बहुमत ल्याएको प्रदेशमा यसपटकको निर्वाचनमा एमाले १४ सिट सहितमा जित निकाल्दै पहिलो दल बनेको हो ।

त्यस्तै १३ जित जित्दै नेपाली कांग्रेस दोस्रो स्थानमा पुगेको छ भने भने उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी ९ सिटमा जितेर तेस्रो

***बाँकी तेश्रो पृष्ठमा***

# सहयात्रीको १४ औं स्थापना दिवसको अवसरमा चियापान कार्यक्रम सम्पन्न



**१२ मंसिर, वीरगंज**

पर्सागढी ४ सवैयाटाडीमा रहेको सहयात्री बचत तथा ऋण सहकारी संस्था लि.ले चियापान कार्यक्रम गरेर आफ्नो स्थापना दिवस मनाएको छ ।

प्रत्येक वर्ष झैं यस वर्ष पनि स्थापना दिवसको अवसरमा चियापान कार्यक्रम गरेको सहकारीका व्यवस्थापक विरेन्द्र राज कँडेलले बताउनु भयो ।ग्रामिण भेगम उत्कृष्ट रहेको यो सहकारीले सामाजिक उत्तरदायित्व वहन गर्दै सामाजिक योगदान गरेकालाई सम्मान, छात्रवृति लगायतको काम गर्दै आईरहेको छ । सहकारीले बचत तथा ऋणको कारोबारका साथै विभिन्न रेमिट सेवा संचालन गर्दै आएको छ ।

चियापान कार्यक्रम सहकारीका अध्यक्ष गोमा कुमारी उप्रेती, पर्सागढी नगरपालिका वडा नं३ का वडाध्यक्ष सुकमान तामाङ, वडा नं ४ का वडाध्यक्ष शेख खुर्सेद लगायत सहकारीका पदाधिकारी उल्लेख्य सदस्यहरुको उपस्थिति रहेको थियो ।

# मिर्गौला पिडित गुप्ताका लागि सहयोगको अपिल



**वीरगञ्ज, १२ मंसिर ।** बारा जिल्लाको कलैया उपमहानगरपालिका वडा नम्बर ४ निवासी आयुषकुमार गुप्ताले आफ्नो जीवनरक्षाको लागि सहयोगको अपिल गरेका छन् ।

एउटा मात्र मृगौला लिएर जन्मेका २५ वर्षीय गुप्ताको मृगौलाले काम गर्न छाडेपछि उनले अस्पतालकै बेडबाट आफ्नो उपचारमा आर्थिक सहयोगको लागि आह्वान गरेका हुन् ।

विरामी भएर अस्पतालमा उपचारको लागि पुगेका गुप्ताले मृगौलाले काम गर्न नसक्ने पहिचान भएपछि उनको परिवार समस्यामा परेको छ ।

आर्थिक रुपले सम्पन्न नहुँदा उनलाई उपचारमा कठिनाइ भइरहेको साथी दिपेन्द्र साह बताउँछन् ।

गुप्ताले ६ महिना अगाडि मात्र आफ्नो बुवा गुमाएका छन् ।

मुटु सम्बन्धि रोगका कारण ज्यान गुमाएका बुवा प्रह्लाद गुप्ताको उपचारमा लाखौं खर्च गरिसकेका उनको

***बाँकी तेश्रो पृष्ठमा***

# बाराको कबहीगोठबाट ३० केजी गाँजा बरामद



**वीरगञ्ज, १२ मंसिर ।** बाराको सूवर्ण गाँउपालिका वडा नम्बर २ कवहीगोठबाट सशस्त्र प्रहरीले ३०

***बाँकी तेश्रो पृष्ठमा***

# ३५ दिनभित्र निर्वाचन खर्च विवरण बुझाउन राजनीतिक दल र उम्मेदवारलाई आयोगको निर्देशन

**वीरगञ्ज, १२ मंसिर ।** निर्वाचन आयोगले हालै सम्पन्न आमनिर्वाचनमा सहभागी भएका राजनीतिक दल र उम्मेदवारलाई ३५ दिनभित्र निर्वाचन खर्च बुझाउन निर्देशन दिएको हो ।

गत ४ मंसिरमा सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनको परिणाम घोषणा भएको ३५ दिनभित्र निर्वाचनमा सहभागी राजनीतिक दल र उम्मेदवारलाई निर्वाचन खर्चको विवरण पेस गर्न आयोगले निर्देशन दिएको हो ।

प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनमा निर्वाचन खर्चको विवरण पेस गर्ने सम्बन्धमा दिएको निर्देशनबारे आयोगले जारी गरेको विवरण :

१. पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फः




(क) प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन प्रयोजनको लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फ मनोनयनपत्र पेश गरेका उम्मेदवारहरुले प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७२ को उपदफा (४) अनुसार सम्बन्धित प्रदेश/जिल्ला निर्वाचन कार्यालयमा निर्वाचन परिणाम घोषणा भएको मितिले पैंतीस दिनभित्र प्रतिनिधि सभा सदस्य निर्वाचन तथा प्रदेश सभा सदस्य निर्वाचन निर्देशिका, २०७९ को अनुसूची -४० बमोजिमको ढाचामा निर्वाचन खर्चको विवरण पेश गर्नु पर्नेछ ।

(ख) खण्ड (क) बमोजिम निर्वाचन खर्चको विवरण पेश गर्दा तोकिएको हद बमोजिमको रकम मतदाता नामावली खरिद, सवारी साधन, प्रचारप्रसार सामग्री, ढुवानी, गोष्ठी अन्तरक्रिया, अन्य प्रचार प्रसार, छापा एवं विद्युतीय माध्यम ( सामाजिक सञ्जाल समेत), कार्यालय सञ्चालन र प्रतिनिधि परिचालन लगायतका विषयको खर्चको विवरण उल्लेख गरी निर्वाचन खर्चको विवरण बुझाउनु पर्नेछ ।

(ग) उम्मेदवारले निर्वाचनमा खर्च गर्दा प्रयोग गरेको बैंक खाताको

***बाँकी तेश्रो पृष्ठमा***



ज्योती जागरण

दैनिकको लागि
प्रकाशक
ज्योती मिश्रा (मोबाइल : ९८१९२८८३०१)
सम्पादक : अजय कुमार कुशवाहा
कार्यकारी सम्पादक : सञ्जिव मिश्रा (९८५५०३३६०१)
अतिथी सम्पादक : कृष्णा कुशवाहा
विशेष प्रतिनिधी : मुस्तुफा आलम
कानूनी सल्लाहकार : पन्नालाल गुप्ता
कार्यालय : वीरगञ्ज-१३ राधेमाई,
इमेल : news.jyotidainik@gmail.com
मुद्रक : शुभलक्ष्मी अफसेट प्रिन्टिङ प्रेस

# ताजा निर्वाचनका बासी संकेत

**श्यामल अधिकारी**

अब बन्ने सरकार कदाचित कमजोर हुँदै गयो भने मध्यावधि निर्वाचन गर्नुपर्ने अवस्था आउनेछ। फेरि अर्बौं खर्च हुनेछ।

महापर्वका रूपमा परिभाषित गरिएको मंसिर ४ को संघीय संसद् र प्रदेशसभाको निर्वाचन सकिएको छ। वैचारिक र सैद्धान्तिक दृष्टिले अत्यन्त कमजोर धरातलमा खडा गरिएको एक मात्र नेता विरोधी वा एकमात्र दल विरोधी गठबन्धन पूरै असफल भएको छ। यस निर्वाचनले जे अपेक्षा गरिएको थियो, त्यही सन्देश दिएको छ। अर्थात् त्रिशंकु संसद्को निर्माण, कसैको पनि बहुमत नभएको मिलीजुली सरकारको गठन, प्रतिनिधिहरूको लिलाम बढाबढ, बाह्य चलखेलमा तीव्रता, अनुमानको सस्तो बजार, भ्रमको खेती र मिडिया युद्ध। मन्त्री बनाउने, हटाउने, खेल। यस्तो सरकारले न जनतालाई सेवा प्रवाह गर्ने प्रशासन यन्त्रमाथि पकड जमाउने हैसियत राख्छ न त भविष्यको दिशा नै तय गर्न सक्छ।

सायद केही निहित स्वार्थी तत्त्वहरूलाई यस्तै गोलमालपूर्ण अवस्थाको सिर्जना गर्नु थियो। किनभने अहिलेको साम्राज्यवाद पुरानो बाटोबाट आउँदैन, नयाँ बाटो अर्थात् प्रविधि, अनुदान, ऋण, सहुलियत, राजनीतिक सहायता, उपहार, छात्रवृत्ति, भ्रमणका अवसर आदिबाट आउँछ। यसरी उसको आगमनको सँगसँगै आफ्नो मुलुकको राज्य र राजनीतिक नेतृत्वमाथिको जनताको भरोसा कमजोर हुँदै जान्छ र नागरिक निरीह बन्दै जान्छ। अस्थिरता नेपाली जनताको चाहनाविपरीतको कुरा हो र यो गठबन्धन वा उसका एक्लो प्रतिपक्षका नेताहरूलाई थाहा नभएको विषय होइन। सरकारका कार्यकलापप्रति जनतामा चरम असन्तुष्टि छ भन्ने कुरा पनि उनीहरूलाई भलिभाँती थाहा थियो।

तर नेपालका जनताको जनताको राजनीतिक स्थिरताको आग्रहलाई कुनै शक्तिको अनुचित प्रभावमा परी कुनै पार्टी विशेषको अस्तित्व जोगाउन वा व्यक्ति विशेषको तुष्टीकरणका लागि लत्याइएको छ। फलतः त्रिशंकु संसद् बन्ने भयो। लामो लोकतान्त्रिक परिपाटीबाट आएका विकसित भनिएका देशहरूमा समेत यस्तो संसद् घाँडो हुन्छ। भने, नेपालजस्तो बाह्य शक्तिको प्रभावमा परिरहने दुई विशाल राजनीतिक र आर्थिक शक्तिहरूका बीचमा रहेको मुलुक नेपालमा यस्तो त्रिशंकु संसद्ले कसरी राजनीतिक स्थिरता दिन सक्छ भन्ने प्रश्न उठिरहेको छ।

फेरि यसपटक यस त्रिशंकु संसद्लाई सीमित नेताहरूले फोहोरी खेलको अखडा बनाउने सम्भावनालाई कसैले इन्कार गरिहाल्न सक्तैन। स्वयं कुनै बेला शेरबहादुर देउवाकै प्रधानमन्त्रीत्वकालमा सांसदहरूको खरिद-बिक्री भएको र राज्यकोषको दुरुपयोग गरी सांसदहरूलाई सुविधा दिएको घटनालाई हामीले सम्झनु पर्छ। संयम र बुद्धिमत्तापूर्वक संसद्को सञ्चालन गर्नुपर्छ। नत्र हामी फेरि एकपटक कवि भूपि शेरचनको शब्दमा गोटी सावित हुनेछौं। स्ट्राइकरहरूले हामीलाई जता पुऱ्याउँछन्, त्यतै हुत्तिनेछौं।

यस पटकको संसद्मा एकातिर कांग्रेस र एमालेजस्ता ठूला दलहरू प्रतिस्पर्धाकै लहरमा छन्। पुराना राजनीतिक दलहरूसँग असन्तुष्ट युवायुवतीहरू राष्ट्रिय स्वतन्त्र पार्टीका नाममा संगठित भएर घण्टी चिह्नका साथ राष्ट्रिय राजनीतिक परिदृश्यमा उदाएका छन्। यद्यपि अहिले नै उनीहरूले कांग्रेस र एमालेको थोरै स्थानमा आए पनि विकल्प दिन सक्तैनन्। तर गठबन्धनको नेतृत्वमा सरकार बन्यो भने उनीहरूको महत्त्व झन् बढ्दै जानेछ। गठबन्धनका आफ्ना बाध्यता छन्। ती बाध्यता नेतृत्वले बुझ्नुपर्ने हुन्छ। यसरी बाध्यता बुझ्दै जाँदा प्रधानमन्त्रीलाई चाहिएजस्तो सक्षम, इमानदार र योग्य सांसद नै मन्त्रीजस्तो कार्यकारी पदमा आउँछन् भनी किटान गर्न सकिन्न।

गठबन्धनले नै सरकार बनाएको खण्डमा सरकार विस्तारै चल्नेछ। चल्दैन भनिठान्नु मूर्खता मात्र हुन्छ। तर जनताले खोजेको राजनीतिक स्थिरता, आर्थिक पारदर्शिता, सरकारको स्थायित्व, सुशासन र द्रुत विकास भने प्राप्त नहुन सक्छ।

वर्तमान र यसअघिका मन्त्रिमण्डलहरूकै प्रभावशाली मन्त्रीहरूलाई जनताले पाँच वर्षका लागि अस्वीकार गरेको देखिन्छ। मधेसको राजनीतिका बहानामा पार्टी फेर्दै, गठबन्धन बनाउँदै भत्काउँदै पटकपटक मन्त्री भइरहने विजय गच्छदार, राजेन्द्र महतो, उपेन्द्र यादवजस्ता नेतालाई मतदाताले यसपाला संसद्बाट बाहिरै राखिदिएका छन्। यो सूची यति छोटो छैन। तर गठबन्धनले नै सरकार बनायो भने माओवादी, नेकपा एस, जनमोर्चा, लोसपालाई प्रधानमन्त्रीले सरकारमा सहभागी गराउनुपर्नेछ र उनै चित्रबहादुर केसी, जनार्दन शर्मा, वर्षमान पुन र प्रेम आले आदि इत्यादिलाई मन्त्री पदको शपथ दिलाउनुपर्ने अवस्था बन्न सक्छ।

नेपाली कांग्रेसका दुवै महामन्त्रीले यसपटक संसदीय दलको नेता फेर्ने कसरत सुरु गरेको उद्घोष गरेका छन्। देउवाको वर्चस्व रहेको अहिलेको अवस्थामा उनीहरू आफ्नो ध्येयमा सफल भइहाल्छन् भन्ने त देखिन्न, कदाचित जादुगरी किसिमले सफल हुने अवस्था आयो भने कांग्रेसका तर्फबाट मन्त्रीहरूको अनुहार फेरिने सम्भावना भने छ। तर उनीहरू सरकारमा सहभागी हुने गठबन्धनका अन्य दलका मन्त्रीहरू चुन्न भने सक्ने छैनन्। गठबन्धनभित्र गुम्सिएको असन्तोषलाई ख्याल गर्ने हो भने केही समयमै गठबन्धन स्वयं नचल्ने परिस्थितिको सिर्जना हुनेछ।

यसका पछाडि केही कारणहरू छन्। माओवादी अध्यक्ष र महासचिवले कांग्रेसका तर्फबाट मत स्थानान्तरण नभएको बताइसकेका छन्। उनीहरूको संसद्मा प्रत्यक्षमा कम्तीमा ३० स्थान ल्याउने र एमालेलाई तेस्रोमा धकेलेर दोस्रो ठूलो दल बन्ने आकलन गलत सावित भएको छ। कांग्रेसले माओवादी मत लिएको तर आफ्नो मत भने माओवादीलाई नदिएको गुनासो सुनिँदैछ। यही कुरा नेकपा एसमा पनि लागू हुन्छ। माधव नेपाल पनि सन्तुष्ट छैनन् तर बाध्यता यस्तो छ, उनी कांग्रेस नेतृत्वको गठबन्धनमा सो गठबन्धन नटुटेसम्म टाँसिइरहने छन्। देउवाको सहयोगबिना नेपाललाई पार्टीको बिउ उमार्न कठिन थियो। त्यसैले उनी सजिलै वा देउवासँग निहुँ खोजेर गठबन्धनबाट बाहिरिन सक्ने छैनन्। तर चित्रबहादुरलाई त्यस्तो केही बाध्यता छैन। उनी एक्लै हुन्, मन्त्री पद नपाए बाहिरै रहन्छन्। यो गठबन्धन एउटै लक्ष्यमा नरहेका परस्पर काटाकाट गर्ने दलहरूको जंक्सन हो। उनीहरूले आविष्कार गरेको संविधानको रक्षा भन्ने शब्दावली केपी शर्मा ओली हराउने भुत्ते अस्त्र मात्रै हो भन्ने कुरा यसै निर्वाचनले सावित गरिदिएको छ। एमालेलाई पत्तासाफ गर्ने, चौथो बनाइदिने, ओलीको अहंकारलाई निस्तेज गराउने उनीहरूको अन्तिम लक्ष्य थियो। तर भएन। संसद्मा माओवादीको उपस्थिति झिनो रहन गयो, नेकपा एसको पनि हैसियत बनेन। दलहरूले प्राप्त गरेको लोकप्रिय मत हेर्दा उनीहरूले कुन धरातलमा उभिएर ठोस परिस्थितिको ठोस विश्लेषण गर्न सिकेका रहेछन् भन्ने पत्तो पाइन्छ। त्यसै पनि गठबन्धनका सहयात्रीहरूको लक्ष्य यौटै छैन। माओवादी जे चाहन्छ, कांग्रेस त्यसको ठीकविपरीत चाहन्छ। यी दुवै जे चाहन्छन्, नेकपा एस अर्कै चाहन्छ। यी तीनै जे चाहन्छन्, लोसपा त्योभन्दा अर्कै चाहन्छ। जनमोर्चा यी सबैले मानेको संघीयता मान्दैन। तर यिनीहरू खरानीको डोरीले जोडिएका छन्। त्यो हो, सत्ताको लोभमा ओलीको अन्धविरोध। अन्य कुनै लक्ष्य, उद्देश्य र गतिविधिले

बाँकी तेश्रो पृष्ठमा

# नयाँ अनुहार र परिवर्तन

**टंकप्रसाद न्यौपाने**

किन आवधिक निर्वाचनमा मतदाताहरूले मत परिवर्तन गरिदिन्छन् वा पहिलेका भन्दा भिन्न उम्मेदवारलाई मत दिन्छन् ? अहिले निर्वाचित भएर आउने नयाँ तथा स्वतन्त्र उम्मेदवारहरूले जनताको आशालाई सम्बोधन गर्न सक्छन् त ? निर्वाचनमा अनुहारहरू बदलिनासाथ अवस्था परिवर्तन हुन्छ ? यी प्रश्नहरूको सैद्धान्तिक विश्लेषणका लागि दुई भिन्न तर अति चर्चित र अधिक स्वीकार्य सिद्धान्तलाई प्रयोग गरिएको छ ।

निर्वाचनमा जनमत फेरबदल

सन् १९७९ र १९९२ मा डेनियल काहेनम्यान र आमोस त्रेस्कीले प्रतिपादन र विकास गरेको सम्भाव्य सिद्धान्तमा किन मानिसहरूले निर्वाचनमा मत-बदली गर्दछन् भनी विश्लेषण गरिएको छ । सम्भाव्य सिद्धान्तलाई अनुभवजन्य अर्थशास्त्र र अनुभवजन्य वित्तशास्त्रमा पनि धेरै प्रयोग गरिन्छ । मूलतः यसै सिद्धान्तका कारण सन् २००२ मा काहेनम्यानले नोबेल पुरस्कार पाएका थिए ।

यस सिद्धान्त अनुसार मानिसले आफूले पाएको उपलब्धिभन्दा गुमाएको अवसरलाई ठूलो ठान्छ । यही बमोजिम नेपालमा प्रजातन्त्र पुनर्बहालीपछि भएका निर्वाचनहरूमा जनताले बारम्बार मत परिवर्तन गरेको देखिन्छ । एकपछि अर्को निर्वाचनमा उही पार्टीलाई मत कम दिइएको छ । जनताले प्रजातन्त्रबाट अहिलेसम्म पाएका सुविधाहरूभन्दा गुमाएका कुराहरूलाई बढी महत्त्व दिने हुनाले मत परिवर्तन गरिदिन्छन् ।

यस्तै, सन् २०१९ मा ओलिभर, रिचार्ड र ल्याम्बर्टले आफ्नो अध्ययनमा प्रस्तुत गरेको मोडल अनुसार पनि उही नतिजा पाइएको थियो । यही कारण हामीसामु फरकफरक निर्वाचनमा फरकफरक दलहरूले अधिक मत प्राप्त गरेका उदाहरणहरू छन् । २०४८ सालमा कांग्रेसलाई अधिक मत (११० सिट), २०५१ सालमा एमालेलाई (८८), २०५६ सालमा फेरि कांग्रेसलाई (१११), २०६४ सालमा माओवादीलाई (२२०), २०७० सालमा फेरि कांग्रेसलाई (१९८) र २०७४ सालमा एमालेलाई बढी मत ( सिट १२१) प्राप्त भएको थियो । स्थानीय तह निर्वाचनमा पनि धेरै ठाउँमा जनप्रतिनिधिहरूको फेरबदललाई यही सिद्धान्तको मद्दतले व्याख्या गर्न सकिन्छ । पहिले एउटा पार्टीले जितेको स्थानीय तहमा पछिको निर्वाचनमा अर्कै पार्टीको उम्मेदवार चुनिएका उदाहरण धेरै छन् ।

नयाँ अनुहार र परिवर्तन

समाजशास्त्रीहरू तथा विद्वान्हरूले प्रयोग गर्ने गरेको संस्थागत तर्क सिद्धान्त अनुसार व्यक्तिविशेषको ज्ञान, विचार र व्यवहार ऊ हुर्केका संस्थाहरूबाट निर्धारण हुन्छ । यो सिद्धान्तलाई पूर्णता दिन मेयर, रोबान, फ्रिडल्यान्ड, थर्नटन, अल्फोर्ड, अकासियो, लुनबेरी र अन्य विद्वान्को उल्लेख्य योगदान छ । यस सिद्धान्तमा संस्थाहरूलाई कारकका रूपमा लिइएको छ र संस्थाहरू अन्तर्गत धर्म, राज्य, बजार, व्यापारिक प्रतिष्ठान, समुदाय, परिवार र पेसा पर्छन् । संस्थागत तर्क सिद्धान्तमा तीन आयामको व्याख्या हुन्छ- समरूपान्तरण, मिश्रणीकरण र विच्छेदीकरण । यस आलेखमा तर्क सिद्धान्तको दोस्रो धारको चर्चा गरिएको छैन र यस सिद्धान्तमा प्रयोग गरिएको संस्था अवधारणा हामीले आम रूपमा बुझेको संगठनभन्दा फरक हो । यस सिद्धान्त अनुसार संगठन र संस्था फरक विषय हुन् । संस्थाहरूले नै संगठनहरूलाई आकार दिन्छन् जस अनुसार सम्पूर्ण संगठन र संगठनमा काम गर्ने व्यक्तिहरू माथि उल्लिखित संस्थाहरूका उत्पादन हुन् । अर्थात्, संगठनहरू र एकल व्यक्तिहरूलाई संस्थाहरूले प्रभाव पारेका, निर्देशन गरेका वा आकार दिएका हुन्छन् ।

पहिलो आयामको व्याख्या अनुसार, निर्वाचित प्रतिनिधिको व्यवहार उपर्युक्त संस्थाहरूले दिएकै आकार अनुसार परिवर्तन भएको हुन्छ । एउटै व्यापारिक प्रतिष्ठानमा काम गर्ने व्यक्तिहरूबीच समरूपता भएजस्तै उही धर्म, उही राज्य, उही परिवार र उही समुदायबाट आएका प्रतिनिधिहरूमा खासै भिन्नता हुँदैन; उनीहरूको सोच्ने र काम गर्ने शैली एवं व्यवहारहरू समरूप हुन्छन् । यी संस्थाहरूबाट आकार दिइएका मस्तिष्कहरूको चिन्तन गर्ने शैली उस्तैउस्तै हुन्छ । यसको अर्थ, उही किसिमले चुनिएर आएका फरकफरक व्यक्तिहरू पनि केही समयपश्चात् पुरानैजस्तै वा उस्तैउस्तै हुन पुग्छन् । अब नयाँ तथा स्वतन्त्र अनुहारहरूले कामै गर्न सक्दैनन् त भन्ने प्रश्न उब्जिन सक्छ । यस सिद्धान्तको तेस्रो धार अनुसार व्यक्ति वा राजनीतिक दलहरू पुराना विश्वास, मान्यता, मूल्य र विचारहरूबाट छुट्टिन पनि सक्छन्, जसलाई सिद्धान्तकारहरूले विच्छेदीकरण भनेका छन् । यसको अर्थ नयाँ जनप्रतिनिधिहरूले पुराना मान्यता र मूल्यबाट आफूलाई पृथक् गर्न सक्छन्, जसमा लाग्ने समय उनीहरूको सफलता विच्छेदीकरणको तीव्रताले निर्धारण गर्छ । संस्थागत रूपमा उही मूल जरोबाट आए पनि विचार, व्यवहार र कार्यशैलीमा भिन्नता ल्याउन सकियो भने सफल हुने सम्भावना बढ्छ ।

मेयर र रोबान (सन् १९७७) ले गरेको अध्ययन अनुसार, नीतिगत छलाङ मार्न नसके पनि भिन्न कार्यशैली

बाँकी तेश्रो पृष्ठमा

# सन्निकट आर्थिक मन्दीका आयामहरु

**सञ्जय आचार्य**

आर्थिक परिदृश्यहरूमा देखिएका केही प्रवृत्तिले विश्व अर्थतन्त्र फेरि लामो मन्दीको संघारमा प्रवेश गर्न लागेको संकेत गर्छन् । कोभिड-१९ पछि पुनरुत्थानको बाटामा चलायमान हुने क्रममा इन्धन संकट गहिरिएको, मुद्रास्फीति बढेको, ब्याजदर उच्च रहेबाट लगानीको वातावरण खलबलिएको र बेरोजगारी बढेका कारण आर्थिक वृद्धिदर अपेक्षाकृत रूपमा बढ्न सकेको छैन; अझ कतिपय मुलुकमा त ऋणात्मक बन्न पुगेको छ ।

सन् २०२१ मा ५ दशमलव ८ प्रतिशतले वृद्धि भएको विश्व अर्थतन्त्र २०२२ मा साढे ४ प्रतिशत हाराहारी बढ्ने प्रक्षेपण विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष, ब्लुमबर्ग कर्पोरेसन आदिले गरेका छन्; २०२३ पछि कोभिडको अर्को लहर आएन भने यो सरदर ३ दशमलव ५ प्रतिशत हाराहारी दीर्घकालीन वृद्धिदरको बाटामा जाने अनुमान ब्लुमबर्ग बिजिनेस विकले गरेको छ । तर व्यापार र विकासका लागि राष्ट्रसंघीय नियोग (अंकटाड) ले भने वृद्धिदर अझ तल झर्ने प्रक्षेपण गरेको छ, जस अनुसार सन् २०२२ र २०२३ मा २ दशमलव ७ र २ दशमलव ३ प्रतिशतको वृद्धिदरसँगै विश्व अर्थतन्त्रको वृद्धि प्रवृत्ति कोभिड-१९ भन्दा पहिलेको अवस्थामा फर्कनेछ । यिनै प्रक्षेपणहरूको आलोकमा आगामी आर्थिक मन्दीलाई बुझ्नुपर्ने हुन्छ ।

बेरोजगारीको समस्या

रूस-युक्रेन द्वन्द्वबाट सबैभन्दा बढी असर स्वाभाविक रूपले यिनै दुई देशमा पर्ने भयो । युक्रेनमा झन्डै १ करोड ४० लाख जनसंख्या आन्तरिक र बाह्य रूपले विस्थापित बनेको छ । यसबाट करिब ५० लाख जनसंख्याको रोजगारी गुमेको छ । यस वर्ष युक्रेनको कुल गार्हस्थ्य उत्पादन ३५ प्रतिशतले संकुचनमा जाने अनुमान गरिएको छ । अर्कोतिर, युक्रेनमा आक्रमणपछि इन्धन मूल्य बढेकाले र रूसको प्रमुख निर्यातजन्य वस्तु नै प्राकृतिक ग्यास र पेट्रोलियम तेल भएको सन्दर्भमा उसलाई केही राहत मिल्ने निश्चित छ तर यसका तुलनामा उसलाई पर्ने प्रतिकूलताहरू नै धेरै छन् । पश्चिमा मुलुकहरूले रूसी वस्तु र सेवाको आयातमा प्रतिबन्ध लगाएपछि त्यहाँको विदेशी विनिमय सञ्चितिमा व्यापक गिरावट आएको छ । युद्धपूर्व ६४० अर्ब अमेरिकी डलर बचतमा रहेको चालु खातामा निरन्तर स्खलन आइरहेको छ । यसले गर्दा यो युद्ध रूसकै लागि पनि निकै महँगो साबित हुनेछ । खास गरी, पश्चिमी युरोपबाट रूसमा आपूर्ति हुने सेमी कन्डक्टर, कम्प्युटर, टेली कम्युनिकेसन, स्वचालित उपकरणहरू र सूचनाको गोपनीयता सम्बन्धी उपकरणहरूको आपूर्ति रोकिएकाले तीसँग सम्बन्धित आर्थिक गतिविधिहरू संकुचनमा गएका छन् र ती कम्पनीमा कार्यरत अधिकांश श्रमिक बेरोजगार भएका छन् । अन्तर्राष्ट्रिय व्यापारमा आएको यो कटौतीसँगै रूसको आर्थिक वृद्धिदर यो वर्ष साढे ७ प्रतिशतले घट्ने अनुमान गरिएको छ । रूस र युक्रेनसँग गहिरो व्यापारिक सम्बन्ध भएका मुलुकहरूमा पनि उत्पादन र तिनीहरूसँग सम्बद्ध रोजगारी शृंखलाहरू खलबलिएका छन् ।

अर्कोतिर, विकसित मुलुकहरूमा यस पटक फरक ढंगको बेरोजगारी देखा परेको छ । कोभिड महामारीले झन्डै दुई वर्षसम्म धेरै उद्योग थला परेकाले त्यहाँ कार्यरत कामदारहरू बेरोजगार भए । माथिल्लो उमेर समूहका कामदारहरू, जो आर्थिक रूपले सक्रिय नै थिए, कोभिडको लहर समाप्त भैसकेपछि पनि काममा फर्किएनन्; चाँडै सेवानिवृत्त भैदिए । प्राथमिक विद्यालयमा पढ्ने केटाकेटीहरूका रोजगार आमाहरू पनि बालबच्चाकै कारणले दुई वर्ष घर बसे र खाली समयको उपयोग गर्दै अर्को सन्तान जन्माउन र हुर्काउनतिर लागे । त्यसै गरी, कोभिड लहरले खास प्रकृतिका कामहरूको माग बढाइदियो भने कतिपय पुराना शैलीका रोजगारीहरूको आवश्यकता हराउँदै गयो । बजारमा माग भएको रोजगारी र प्राप्त जनशक्तिबीच संगति नमिल्दा कतिपय आवश्यकता पूर्ति हुन सकिरहेका छैनन् । अर्कोतिर, अर्थतन्त्रलाई चलायमान गराउने उद्देश्यले कोभिडको समयमा गरिएको नगद वितरणले पनि कोभिडपछि सकारात्मक असर छोड्न सकेन । मानिसहरूमा काम नगर्ने प्रवृत्तिको विकास भयो । माथि उल्लिखित कारणहरूले अमेरिकी अर्ततन्त्रमा करिब ५० लाख र बेलायती अर्थतन्त्रमा करिब १० लाख आवश्यक कामदारहरूको संख्या पूर्ति हुन सकिराखेको छैन । चीनबाहेक विश्वका प्रमुख औद्योगिक राष्ट्रहरूमा बढ्दो बेरोजगारीको ६० प्रतिशतभन्दा बढी कारक यिनै भएको अध्ययनहरूले देखाउँछन् ।

ज्यालादर उकासेर आवश्यक श्रमशक्ति पूर्ति गर्न सकिन्छ कि भनी प्रयासहरू नभएका भने होइनन् । बेलायतमा यसको उल्टो असर पऱ्यो । कामदारहरूको आवश्यकता पूर्ति भएन बरु यसले मुद्रास्फीति दरलाई माथितिर धकेल्यो । अमेरिकामा पनि गत अक्टोबरमा प्रतिघण्टा ज्यालादरमा ५.८ प्रतिशतले वृद्धि गरियो, तर यसले समेत रोजगारी बढाउन सकेन ।

मूल्यवृद्धि

नेपालमा गत आर्थिक वर्षको अन्त्यतिर ६ प्रतिशत हाराहारि मानिएको मूल्यवृद्धि हाल १० प्रतिशतजति पुगेको अनुमान छ । तर हालको समयमा मूल्यवृद्धि विश्वव्यापी रूपमै भएको छ । युरोपमा प्राकृतिक ग्यासको आपूर्तिमा रूसबाट भारी कटौती भएपछि उत्पादन प्रक्रियामा प्रत्यक्ष असर परेको छ । यसबाट आपूर्ति र मूल्य शृंखला खलबलिएका छन् । त्यसमाथि कोभिडको अर्को लहर आयो भने स्थिति अत्यन्त जटिल बन्नेछ । अर्कोतिर, सन् २००८ पछि अमेरिकामा पनि मूलतः इन्धन मूल्यकै कारणले उच्च

बाँकी तेश्रो पृष्ठमा

## चुनावी......

मुद्रास्फीतिको समस्या आइपरेको छ । त्यहाँ राष्ट्रपति रोनाल्ड रेगनको समयपछिको सबैभन्दा उच्च (वार्षिक ६.८ प्रतिशत) मुद्रास्फीति भएको छ भने, बेलायतमा विगत चालीस वर्षमा सबैभन्दा उच्च मूल्यवृद्धि (वार्षिक १०.१ प्रतिशत) दर रेकर्ड भएको छ ।

अमेरिका र बेलायतमा मुद्रास्फीतिको दर उच्च रहे पनि युरो जोनमा भने तुलनात्मक रूपले कम छ । यस क्षेत्रका १९ राष्ट्रमा हाल मूल्यवृद्धि दर सरदर ९ प्रतिशत छ । युरोपेली समुदायका २९ राष्ट्रमा भने मूल्यवृद्धि झन्डै ११ प्रतिशत हाराहारी छ । आर्थिक मन्दीबाट जतिसक्दो चाँडै बाहिर निस्कन सजिलो होस् भन्ने हेतुले मुद्रा बजारमा खासै हस्तक्षेप नगरिएको युरोपेली केन्द्रीय बैंकको अध्यक्ष क्रिस्टिना लिगार्डले बताएकी छन् । तर मुद्रास्फीतिदर तल झर्ने लक्षण देखिएन भने केन्द्रीय बैंकले हस्तक्षेप गरी बैंक दरलाई अल्पकालीन रूपले बढाउनुबाहेक अर्को विकल्प हुँदैन । तर हालको अवस्थामा बैंक दर अरू बढ्न दिनु पनि दीर्घकालीन रूपले प्रत्युत्पादक हुन सक्छ किनकि यसले कर्जा प्रवाहलाई महँगो बनाई लगानीको वातावरणलाई असहज बनाइदिन्छ । तर यति हुँदाहुँदै पनि युरोपेली समुदायभित्र अब मूल्यवृद्धि नियन्त्रण बिस्तारै पेचिलो बन्दै जाने सम्भावना देखिएकोले बैंक दर बिस्तारै बढाउनुपर्ने स्थितिमा पुगेको लिगार्डले बताएकी छन् ।

विभिन्न मुलुकबीच भएको असमान मूल्यवृद्धिले अन्तर्राष्ट्रिय व्यापारको दिशा मात्र परिवर्तन नगरी आम्दानीको पनि असमान वितरण गराउनेछ । विकासशील राष्ट्रहरूमा बजार स्वस्थ नहुँदा सरकारी अनुगमन कमजोर भएको मौका छोपी बिचौलियाहरूले परिस्थितिको फाइदा उठाउँछन् । नेपालमै कृषिको उदाहरण लिने हो भने पनि एकातिर उपभोक्ताहरू चर्को मूल्यको मारमा छन् भने, अर्कोतिर बढ्दो मूल्य किसानहरूले पाएका छैनन्, फाइदा बिचौलियाहरूले नै उठाइरहेका छन् । यसमा हालकै धानको उदाहरण काफी छ । सरकारले न्यूनतम समर्थन मूल्य तोकेको छ ।

कृषि मन्त्रालय र खाद्य व्यवस्था तथा व्यापार कम्पनीले सरकारले तोकिदिएको समर्थन मूल्यमा धान किन्न बजेट पनि छुट्याएर राखेका छन् तर उपयुक्त समयमा खरिद प्रक्रिया अघि नबढाइदिँदा भण्डारणको अभावमा किसानहरू आफ्नो उत्पादन सरकारी मूल्यभन्दा सस्तोमा बिचौलियालाई बेचिरहेका छन् । पछि छुट्याइएको बजेटबाट कि मन्त्रालय र खाद्यले बिचौलियाहरूसँग महँगोमा किन्नेछन् या त बिचौलियाहरूले सिन्डिकेट कायम गरी मनपर्दी मूल्यमा बजारमा ल्याउनेछन् । भारतले प्रमुख खाद्यान्न वस्तुहरूको निर्यातमा रोक लगाएपछि नेपाली बिचौलियाहरूलाई झन् सजिलो भएको छ । प्रमुख खाद्यान्न वस्तुहरूको बजार अनुगमन नहुँदा कतिपय खाद्य सामग्रीहरूको मूल्यवृद्धि महिनैपिच्छे भैराखेको छ । त्यसैले नेपालमा मुद्रास्फीतिदर बढ्दै जानुमा केही बाह्य कारण देखिए पनि मूल रूपमा आन्तरिक कारणहरू नै बढी जिम्मेवारहरू छन् ।

बढ्दो ब्याजदर

मुद्रास्फीतिसँगै बैंकको ब्याजदर बढ्ने प्रवृत्ति नेपालको मात्रै नभएर विश्वमै देखा परेको छ । अमेरिकामा फेडरल रिजर्भले यसै वर्ष तीन पटक ब्याजदर बढाइसकेको छ भने, बेलायतमा पनि बैंक अफ इङ्ल्यान्डले बढ्दो मुद्रास्फीतिलाई नियन्त्रण गर्न विगत एक वर्षमा ब्याज दर झन्डै एकचौथाइले वृद्धि गरिसकेको छ । नेपालमा ब्याजदर वृद्धिको प्रमुख कारण बैंकहरूमा तरलताको अभाव र अपेक्षाकृत रूपमा सरकारी खर्च हुन नसक्नु बताइए पनि बढ्दो मुद्रास्फीतिलाई नियन्त्रण गर्न ब्याजदर वृद्धि पनि सहायक हुने दृष्टिले नेपाल राष्ट्र बैंकले ब्याजदर नियन्त्रणमा बढी चासो दिएको छैन । तर यसरी अनियन्त्रित रूपमा बढ्दै गएको ब्याजदरबाट उद्योग-व्यवसायमा लगानी गर्ने वातावरण नभएको भनी उद्योगीहरू आन्दोलित हुन थालेका छन् ।

बढ्दो मुद्रास्फीतिलाई नियन्त्रण गर्न ब्याजदर नीति खास परिस्थितिमा मात्र उपयोगी देखिन्छ । सामान्यतया माग पक्ष बलियो रहेको अवस्थामा ब्याजदर नीतिले प्रभावकारी भूमिका खेल्न सक्छ तर हालको परिस्थिति त्यस अनुरूपको छैन । अहिलेको मुद्रास्फीति आपूर्ति पक्ष कमजोर भएका कारण भइरहेको छ । त्यसैले ब्याजदर र मूल्यस्तर सँगसँगै बढिरहेका छन् । सामान्यतया मुद्रास्फीति लामो समयसम्म रह्यो भने यसले ब्याजदरलाई पनि माथितिर धकेल्छ र यो सम्बन्ध उल्टो दिशाबाट पनि लागू हुन्छ । त्यसैले केन्द्रीय बैंकले मुद्रास्फीति वा ब्याजदर एउटालाई जतिसक्दो चाँडो नियन्त्रण गर्नुपर्छ ।

मुद्राको अवमूल्यन र समष्टिगत आर्थिक परिदृश्य

धेरै मुलुकका मुद्रा अमेरिकी डलरका तुलनामा अवमूल्यन भैरहेका छन् । धेरै युरोपेली मुलुकमा युरो लगायत स्थानीय मुद्राहरूको गत एक वर्षमा अमेरिकी डलरका तुलनामा १७-१८ प्रतिशतको सेरोफेरोमा अवमूल्यन भैरहेको छ । बेलायतमा झन्डै २२ प्रतिशतले र हंगेरीमा ३६ प्रतिशतले मुद्रा अवमूल्यन भएको छ । दक्षिण एसियाली मुलुकहरूको हकमा बंगलादेशमा करिब २० प्रतिशतले, पाकिस्तानमा २९ प्रतिशतले, श्रीलंकामा ८१ प्रतिशतले अनि नेपाल र भारतमा ९.८ प्रतिशतले अमेरिकी डलरका तुलनामा तिनका मुद्राहरूको अवमूल्यन भएको छ ।

केही राष्ट्रमा १०० प्रतिशतभन्दा बढीले पनि अवमूल्यन भएको छ; जस्तै- टर्कीमा १०१ प्रतिशतले, लेबनानमा ३७२ प्रतिशतले र यमनमा ३९५ प्रतिशतले । राष्ट्रिय मुद्राको अवमूल्यनले यी मुलुकहरूमा दोहोरो चाप परेको छ । एक त मुलुकको भुक्तानी असन्तुलनलाई यसले अफ फराकिलो पारेको छ, अर्कोतिर आन्तरिक रूपमा मुद्रास्फीतिलाई माथितिर धकेलेको छ ।

अमेरिकी अर्थतन्त्रमा मन्दीबाट बाहिर निस्कन सामान्यतया स्टिमुलस प्याकेज कार्यक्रम (नगद हस्तान्तरणजस्ता सरकारी अनुदान कार्यक्रमहरू) ल्याउने गरिन्छ । तर कोभिडबाट अर्थतन्त्र सेलाउने दिशामा नजाओस् भन्ने उद्देश्यले ल्याइएका स्टिमुलस प्याकेज कार्यक्रमहरूले भने अपेक्षाकृत परिणाम ल्याएनन् । उपभोक्ताले क्रयशक्ति बढेसँगै बजारमा वस्तु र सेवाको माग बढाएर उत्पादन चक्रलाई सहयोग पुऱ्याउँछन् भन्ने आशाविपरीत बजारमा बढ्दो ब्याजदरसँगै सरकारले गरेको खर्चले नागरिकको आय वृद्धि भएको तर उपभोग नबढेका कारण नगद बैंकिङ क्षेत्रमा थुप्रन पुगेको छ ।

ब्याजदर वृद्धिले हालमा २ दशमलव ६ ट्रिलियन डलरले बैंकिङ क्षेत्रको निक्षेप वृद्धि हुन पुगेको छ, जुन अमेरिकी कुल गार्हस्थ्य उत्पादनको करिब १२ प्रतिशत हो । अर्कोतिर, अमेरिका र युरोपेली मुलुकहरूको पुँजी बजारमा आकर्षक ब्याजदरका कारण विकासशील मुलुकहरूमा भएका कतिपय लगानी फिर्ता जान थालेका छन् । यस्तो प्रतिकूल अवस्थामा ब्याजदरलाई स्वतन्त्र छोडिदिएर मूल्यवृद्धिलाई नियन्त्रण गर्ने वा ब्याजदरलाई सीमाभित्र राखेर मूल्यवृद्धिमा कम संवेदनशील बन्ने भन्ने जटिल प्रश्न उब्जेको छ । हालसम्मको अनुभवले मुद्रास्फीतिलाई सकेसम्म नियन्त्रण गरी ब्याजदरमा खुकुलोपन अपनाउनु धेरै मुलुकका लागि बाध्यताको रोजाइ बन्न पुगेको छ ।

यसले विकसित मुलुकहरूमा पुँजीको आप्रवाह बढेको छ । विगत तीन महिनाको तथ्यांक हेर्ने हो भने अमेरिकी पुँजी बजारमा सेप्टेम्बर, अक्टोबर र नोभेम्बरमा क्रमशः २२ अर्ब, १५४ अर्ब र २७५ अर्ब डलर लगानी योग्य पुँजी भित्रिएको देखिन्छ (ट्रेडिङ इकोनोमिक्स, १६ नोभेम्बर २०२२) । यस्तै, युरोपेली राष्ट्रहरूको समग्र तथ्यांक हालसम्म प्राप्त नभैसकेको भए पनि स्थिति झन्डै उस्तै छ । यसले उदीयमान अर्थतन्त्रहरूको आर्थिक वृद्धिदरलाई केही तल झार्नेछ । उदाहरणका लागि, ब्राजिल, इजिप्ट, अर्जेन्टिना, दक्षिण कोरिया र टर्की (बिस्ट मुलुकहरू) को आर्थिक वृद्धिदर सन् २०२१ का तुलनामा यस वर्ष २ प्रतिशतले झरेर ४ दशमलव ८ प्रतिशत हाराहारी रहने देखिन्छ । यस प्रवृत्तिले दुइटा महत्त्वपूर्ण सन्देशहरू दिएको छ ।

पहिलो, आफ्नो मुलुकबाट विदेशी लगानी बाहिरिएको अवस्थामा धेरै विकासशील राष्ट्रहरूको मुद्रा थप अवलम्बन हुनेछ । दोस्रो, पुँजीको संकुचनले यी मुलुकहरूमा बेरोजगारीको समस्या थप चर्कनेछ । वैदेशिक मुद्राको सञ्चिति घटेसँगै सार्वजनिक ऋण बढेर जानेछ । गत एक वर्षको अवधिमा विकासशील मुलुकहरूको सार्वजनिक ऋण कुल गार्हस्थ्य उत्पादनको ५४ प्रतिशतबाट बढेर ६५ प्रतिशत पुगेको छ । साभार : कान्तिपुर

## ताजा.....

यिनीहरू सँगै बस्न सक्ने अवस्था छैन। गठबन्धनले नै सरकार बनाएको खण्डमा सरकार विस्तारै चल्नेछ। चल्दैन भनिठान्नु मूर्खता मात्र हुन्छ। तर जनताले खोजेको राजनीतिक स्थिरता, आर्थिक पारदर्शिता, सरकारको स्थायित्व, सुशासन र द्रुत विकास तथा अकण्टक सेवाप्रवाह भने प्राप्त हुने छैन। यसको चरित्र वर्तमान सरकारभन्दा भिन्न हुने छैन। देशलाई थप राजनीतिक, सामाजिक र आर्थिक संकटमा फसाउन भने उसको योगदान मनग्गे हुनेछ। समानुपातिक मततर्फ पहिलो भए पनि प्रत्यक्षतर्फ संसद्मा दोस्रो स्थान पाएको नेकपा एमालेका अगाडि अब प्रतिपक्षमा बसेर सरकारलाई जनताको पक्षमा तान्ने महत्त्वपूर्ण जिम्मेवारी आएको छ।

एमाले पनि सरकार बनाउने भत्काउने खेलमा लाग्यो भने जनताले उसलाई माया गरिरहन सक्ने छैनन्। उसले संसद्मा एमालेबाहेकको सरकार बन्न मद्दत गर्नुपर्छ। उसले गठबन्धन सरकारका क्रियाकलापलाई गम्भीरतापूर्वक नियाल्दै आम मतदातालाई जिम्मेवार प्रतिपक्षको भूमिका कस्तो हुन्छ भन्ने दृष्टान्त दिन सक्नुपर्छ। उसले महँगी, भ्रष्टाचार र कुशासनका विरोधमा जनतालाई संगठित गर्दै वैकल्पिक योजना प्रस्तुत गर्नुपर्छ। जनताले उसलाई त्यसै गर्न भनेका छन्, उसले त्यसै गर्नुपर्छ। छद्म किसिमले अर्को कुनै अप्राकृतिक गठबन्धन बनाएर अस्थिरताको कारक बन्नु हुँदैन।

एमालेले संसद्मा प्रतिनिधित्व गर्ने तर सरकारमा नजाने दल वा स्वतन्त्र सांसदहरूसँग आफ्नो सम्बन्धलाई जीवन्त र कार्यमूलक बनाइराख्न उनीहरूसँग नियमित अन्तर्क्रिया गर्ने काम भने जारी राख्नुपर्छ। उनीहरूका राजनीतिक ध्येय, नीति तथा कार्यक्रम आफूसँग कतिसम्म नजिक छन् र तिनले मुलुकको राजनीतिक निकासका लागि के कस्तो योगदान गर्न सक्छन् भन्नेबारे उनीहरूका धारणा नजिकबाट नियाल्ने काम गरियो भने एमालेप्रति उनीहरूमा विश्वास बन्दै जानेछ। यसले मुलुकमा एक राम्रो विकल्प खडा गर्न सहयोग पुग्नेछ। कदाचित सरकारले असल काम गरिहाले त्यसलाई बिनापूर्वाग्रह प्रोत्साहन गर्ने काम पनि उसकै हो। असल काममा बखेडा उत्पन्न गर्ने संस्कारलाई बदल्न प्रतिपक्षले महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्छ।

यस संसद्मा जनताको सर्वाधिक चासो घण्टी चिह्नधारी दल राष्ट्रिय स्वतन्त्र पार्टीका खरा, तेजस्वी र केही गरिदेखाउने चाहनाले जनमत पाएका नवयुवाहरूमा छ। थोरै संख्यामा भए पनि संसद्मा उनीहरूको प्रस्तुतिले ठूलो अर्थ राख्नेछ। पुराना नेताहरूले उनीहरूलाई होच्याएको हामीले देखेका छौं। त्यसैले जनप्रतिनिधिका रूपमा उनीहरू कति गम्भीर, दूरदृष्टियुक्त, वस्तुनिष्ट, व्यावहारिक र उत्तरदायी गतिविधि गर्छन्, त्यसमै उनीहरूको भविष्य निहित रहनेछ। शालीन र अर्थपूर्ण प्रस्तुतिका लागि उनीहरू रोल मोडल बन्न सके भने पनि बाँकी सांसदहरूका लागि सिक्ने ठाउँ हुन्छ। तर यसअघि उनीहरू कता हुनेछन् त्यो स्पष्ट गर्नुपर्नेछ। उनीहरू मध्यविन्दुबाट कति दायाँ वा बायाँ हुनेछन्, उनीहरू सत्ताको निमित्त अस्वस्थ खेलमा सामेल हुनेछन् कि छैनन्, के आधारमा उनीहरू कसैको समर्थन गर्नेछन्। यी सबै कुरामा उनीहरू स्वयं र मतदाता स्पष्ट हुनु पर्नेछ। यसले उनीहरूको राजनीतिक भविष्यको दिशा निर्धारण गर्न मद्दत पुग्नेछ। सदनहरूमा हुने बेथिति र अस्वस्थ चलखेललाई रोक्न सकेमा अर्को चुनाव उनीहरूका लागि वरदान साबित हुन सक्छ।

आम जनताको मतको परिणाम त्रिशंकु संसद् आए पनि एकल बहुमतको बलियो, उत्तरदायी, र जन अपेक्षाकालाई सम्बोधन गर्न नचुक्ने सरकार नै जनताको चाहना थियो। मत परिणामले यस पटक त्यसो हुन दिएन। भएको बहुमतको आफ्नै सरकारलाई ढाल्ने र आफू सत्तामा पुगिहाल्ने रोगले ग्रस्त केही महत्त्वाकांक्षी नेताहरूले गर्दा जनतालाई महँगो पर्ने मिलिजुली सरकार उपहार आउने भयो। यो सरकार कदाचित कमजोर हुँदै गयो भने मध्यावधि निर्वाचन गर्नुपर्ने अवस्था आउनेछ। फेरि अर्बौं खर्च हुनेछ। तर गलत मनसाय राखेर जनतालाई भ्रुक्याइरहनेहरूको सिट भने झन्झन् खुम्चिँदै जानेछ। यस निर्वाचनले माओवादी बचेको छ, नेकपा एस उम्रेको छ, जनमोर्चाको एक सिट बचेको छ तर तिनीहरू कांग्रेस, एमाले र स्वतन्त्र पार्टीको भन्दा माथि पुगेका छैनन्। के आत्मसमीक्षा गर्नु जरुरी छैन ? **साभार अन्नपूर्णपोष्ट्**

## नयाँ अनुहार.....

अपनाउँदै साधारण तथा वाचा गरेका कार्यहरू पूरा गर्ने प्रतिनिधिलाई जनताले बढी विश्वास गर्ने सम्भावना रहन्छ । यो मत अनुसार निर्वाचित नयाँ अनुहारहरूले ठूलो नभए पनि साना तर पहिले वाचा गरेका कामहरू गरे भने बढी विश्वासको वातावरण बन्छ ।

स्वतन्त्र र नयाँ पार्टीहरूका नयाँ जनप्रतिनिधिहरूलाई परम्परागत संस्थागत तर्कबाट आफूलाई अलग गरी नयाँ कार्यशैली, व्यवहार र विचारमै फरक हुन चुनौतीपूर्ण एवं कठिन हुन्छ । त्यसमै उनीहरूको तथा संसद्को सफलता निर्भर गर्छ । संस्थागत तर्क सिद्धान्तका तीन आयाममध्ये विच्छेदीकरण नवप्रवेशी संसद्का मार्गदर्शक सिद्धान्त बन्न सक्छ । मुख्य कुरा विच्छेदीकरण सिद्धान्तलाई सदस्यहरूले आफ्नो ज्ञान, व्यवहार र कार्यशैलीमा कसरी लागू गर्छन्, त्यसमा उनीहरूको सफलता भर पर्ने देखिन्छ ।

यस सिद्धान्त अनुसार, समुदाय र जनता परिवर्तनका कारक हुन् । अर्कातर्फ, निर्वाचित भएर आइसकेपछि समुदाय र जनता नै समरूपताको खोजी गर्छन् । धेरै वर्षको ज्ञानको पोषणबाट निर्माण भएको विचार, आदर्श, विश्वास, मूल्य र मान्यतालाई तुरुन्त त्याग्न जनता नै तयार हुँदैनन् । फलतः नीतिगत छलाङ हुने कार्यक्रमहरू लागू गर्न अवरोध खडा गर्न सक्छन् । जस्तै- छुवाछुत उन्मूलन, फोहोर विसर्जन, कर र ट्राफिक नियमको पालना इत्यादिमा राज्यबाट धेरै आशा राख्नु यसको उदाहरण हो ।

निष्कर्ष र समाधान

प्रजातन्त्र पुनःस्थापनापछि पनि निर्वाचित जनप्रतिनिधि तथा सदस्यहरूले आफूलाई पुरानो संस्था वा व्यवस्थाको संस्थागत तर्कबाट ज्ञान, व्यवहार र कार्यशैलीमा विच्छेद गर्न नसकेका हुनाले असफलता पाएको निष्कर्ष निकाल्न सकिन्छ । त्यस कारण राजनीतिक व्यवहार अध्ययनमा संस्थागत तर्क सिद्धान्तको विच्छेदीकरण एउटा महत्त्वपूर्ण मार्गदर्शक सिद्धान्त हो ।

संस्थागत तर्क सिद्धान्त अनुसार संस्थाहरूको निर्माण गर्न सकिन्छ र अर्को संस्था निर्माण गर्न बलिया संस्थागत संरचनाहरू हुनु जरुरी छ । तर ती बलिया संस्थागत संरचनाहरू स-साना र मसिना भिन्नताबाट निर्माण गर्न सकिन्छ, जस्तो- नियमहरूको पालना, असल संस्कारको प्रदर्शन इत्यादिबाट ।

बलिया संस्थाहरूको निर्माणका लागि नीतिनियमको कठोर कार्यान्वयन, जनचेतना वृद्धिका कार्यक्रमहरू प्रभावकारी हुन सक्छन् । जस्तै- मन्त्रीहरू, जनप्रतिनिधि, कार्यालय प्रमुखले आफैं नियमलाई पालना गरेर, लाइनमा बसेर असल व्यवहार प्रदर्शन गरी बलियो संस्था निर्माण गर्न सक्छन् । स-साना कार्यहरू साधारण लाग्न सक्छन्, तर यिनै बलियो संस्था निर्माणका आधार हुन् ।

न्यौपाने भारतको ओपी जिन्दल ग्लोबल विश्वविद्यालयमा व्यवहारजन्य अर्थशास्त्र तथा बजारशास्त्र विषय प्राध्यापन गर्छन् ।सभार इकान्तिपुर

## मधेशमा...

स्थानमा छ । यसअघि जसपा (तत्कालिन सङ्घीय समाजवादी फोरम नेपाल) पहिलो स्थानमा रहँदै पाँच वर्षसम्म प्रदेश सरकारको नेतृत्व गरेको थियो ।

महन्थ ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादी पार्टी ७ सिटमा जित्दै चौथो दल बनेको छ । यसअघि लोसपा (तत्कालिन राष्ट्रिय जनता पार्टी) दोस्रो स्थानमा रहेको थियो ।

पहिलोपटक मधेशमा उदाएको सिके राउत नेतृत्वको जनमत पार्टीले पनि ६ सिटमा जित हाँसिल गरेको छ । माओवादी केन्द्र र एकीकृत समाजवादीले ४/४ स्थानमा विजय हाँसिल गर्दा ६ जना स्वतन्त्रले मधेस प्रदेशसभाका लागि विजय हासिल गरेका छन् ।

## मिर्गौला.....

परिवारसँग अब उपचारका लागि पैसा छैन ।

काठमाडौंस्थित टीचिङ अस्पतालमा उपचाररत उपचारमा दैनिक हजारौं रुपैयाँ आवश्यक पर्न थालेपछि उनको सहयोगको लागि अपिल गरिएको साथी साहको भनाई छ ।

## ३५ दिनभित्र.....

**विवरण र खर्च गर्ने जिम्मेवार पदाधिकारीको नाम समेत उल्लेख गरी पेस गर्नु पर्नेछ ।**

(घ) **निर्वाचन प्रचारप्रसारको लागि कोणसभा वा आमसभा गर्दा मञ्चको तयारीको लागि लागेको खर्चको विवरण सम्बन्धित उम्मेदवारले आफै वा आ¬नो प्रतिनिधि मार्फत मतदान सम्पन्न भएको मितिले पन्द्र दिन भित्र निर्वाचन कार्यालयमा पेश गर्नु पर्ने भएकोले सो समेत उल्लेख गर्नु पर्नेछ ।**

२. **समानुपातिक निर्वाचन प्रणाली तर्फः**

(क) **समानुपातिक निर्वाचन प्रणाली तर्फ बन्दसूची पेश गरेका राजनीतिक दलहरूले निर्वाचन परिणाम घोषणा भएको मितिले पैंतीस दिनभित्र प्रतिनिधि सभा सदस्यको लागि प्रतिनिधि सभा सदस्य समानुपातिक निर्वाचन निर्देशिका, २०७९ को अनुसूची -३४ र प्रदेश सभा सदस्यको लागि प्रदेश सभा सदस्य समानुपातिक निर्वाचन निर्देशिका, २०७९ को अनुसूची -३६ बमोजिमको ढाँचामा आयोगमा पेश गर्नु पर्नेछ ।**

(ख) **खण्ड (क) बमोजिम निर्वाचन खर्चको विवरण पेश गर्दा तोकिएको हद बमोजिमको रकम मतदाता नामावली खरिद, सवारी साधन ( हेलिकप्टर प्रयोग गरेको भए सो समेत), प्रचारप्रसार सामग्री, ढुवानी, गोष्ठी अन्तरक्रिया, अन्य प्रचार प्रसार, छापा एवम् विद्युतीय माध्यम (सामाजिक सञ्जाल समेत), कार्यालय सञ्चालन र प्रतिनिधि परिचालन लगायतका विषयको खर्च उल्लेख गर्नु पर्नेछ ।**

(ग) **राजनीतिक दलले निर्वाचनमा खर्च गर्दा प्रयोग गरेको बैंक खाताको विवरण र खर्च गर्ने जिम्मेवार पदाधिकारीको नाम समेत उल्लेख गरी पेश गर्नु पर्नेछ ।**

३. **बुदा नम्बर १ र २ बमोजिम निर्वाचन खर्चको विवरण पेश गर्ने सम्बन्धमा राजनीतिक दल तथा उम्मेदवारलाई जानकारी गराउने प्रयोजनार्थ कार्यालयमा सूचना प्रकाशन गर्ने र सोही बमोजिम पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फको निर्वाचन खर्चको विवरण संकलन गरी आयोगको आइईआईएमएस प्रणालीमा अभिलेख राखी सो सम्बन्धी कागजात सुरक्षित राख्न सबै प्रदेश/जिल्ला निर्वाचन कार्यालयलाई निर्देशन दिने ।**

## बाराको........

केजी गाँजा बरामद गरेको छ ।

सशस्त्र प्रहरी बोर्डर आउट पोष्टका प्रहरी निरिक्षक नवीन देउजाको नेतृत्वमा खटिएको गस्ती टोलीले भारतीय सिमा क्षेत्र नजिकैबाट दुईवटा पोकामा रहेको ३० केजी गाँजा बर्माद गरेको हो ।

पैदल हिँडेर गाँजा भारततर्फ लाग्न खोजिरहेको अवस्थामा गस्ती टोलीले देखेपछि भरियाहरु गाँजाको पोका फालेर हिडेका थिए ।

सशस्त्र प्रहरीका अनुसार गाँजा आवश्यक कारबाहीको लागि ईलाका प्रहरी कार्यालय सिम्रौनगढमा बुझाइएको छ ।

## मधेशम.....

पार्टी सोचेभन्दा बढी नै फैलिएको छ । परम्परागत शक्ति राप्रपाले पहिलेभन्दा बढी शक्ति सञ्चय गरेको छ ।मधेसमा पनि पुरानै पार्टीहरुको पनर्योदय सुरु भएको छ। यद्यपि जनमत पार्टीले यहाँ पनि नयाँ उँचाई लिएको छ ।

कुनैबेला मधेश विरोधी पार्टी भन्ने गरिएको एमाले अहिले यस प्रदेशमा सबैभन्दा ठूलो पार्टीका रुपमा स्थापित हुँदैछ । मधेशवादी दल तेस्रो/चौथो स्थानमा खुम्चिँदै छन् ।

## वीरगन्जमा......

उल्लेखनीय सहभागीता सहित कार्यक्रम स्थलमा चेकजाँच गराउन आउने गरेको डाक्टर जिन्दतुन नेशाले बताईन् ।वडा नम्बर २६ मा सोमबार देखि शुरु गरिएको मेयर घरदैलो स्वास्थ्य कार्यक्रम यहीं साताको बिहीबार सम्म चल्ने भएकोले स्वास्थ्य समस्या झेलिरहेका स्थानीयलाई शिविरमा सहभागी भएर स्वास्थ्य सेवा लिन मेयर सिंहले आग्रह पनि गरेका छन् ।

# बार्षिक उत्सवमा रेडियो वीरगन्जले मंसिर २४ गते रक्तदान कार्यक्रम गर्ने



**वीरगन्ज, १२ मंसिर :** वीरगन्जबाट प्रशारण हुदै आएको रेडियो वीरगन्ज ९९ मेगाहर्जले २१ औं बार्षिक उत्सवको अवसरमा यहि मंसिर २४ गते रक्तदान कार्यक्रमको आयोजना गर्ने भएको छ ।

आफनो प्रसारणको २० वर्ष पुरा गरी २१ औं बर्षमा प्रवेश गर्ने अवससरमा रेडियो परिसरमा आयोजना हुने रक्तदान कार्यक्रममा विगतका बर्षहरुमा झै यस बर्ष पनि उल्लेख्य सहभागिता जनाउन रेडियोका श्रोता, शुभचिन्तकहरुलाई रेडियोका कार्यकारी अध्यक्ष ध्रुव साहले आह्वान गरेका छन् ।

बार्षिक उत्सवको अवसरमा रेडियोले विभिन्न कार्यक्रमको समेत आयोजना गर्ने अध्यक्ष साहले बताए ।

आम श्रोता, विज्ञापनदाता, शुभेच्छुक, सबैको अपार स्नेहका कारण रेडियो वीरगंज मध्य तराईका श्रोताहरुको ढुकढुकी बन्न सफल भएको साहद्वारा जारी विज्ञप्तीमा उल्लेख गरिएको छ ।

# वीरगन्ज २६ सुगौलीमा पनि मेयर घरदैलो स्वास्थ्य कार्यक्रम सन्चालन



**वीरगन्ज,१२ मंसिर :** जनतालाई घरदैलोमै पुगेर स्वास्थ्य सेवा दिने उदेश्यले सन्चालित मेयर घरदैलो स्वास्थ्य कार्यक्रम वीरगन्ज महानगरपालिका वडा नम्बर २६ सुगौलीको स्वास्थ्य चौकीमा सोमबार देखि शुरु भएको छ ।

महानगरका विभिन्न वडामा सन्चालित मेयर घरदैलो स्वास्थ्य कार्यक्रम सोमबार देखि वडा नम्बर २६ मा शुरु गरिएको हो । त्यहा पहिलो दिन सोमबार ८१ जना महिला सहित १४२ जना स्थानीयले स्वास्थ्य सेवा लिएका छन् ।त्यसक्रममा चिकित्सकको सल्लाह र आवश्यकता अनुसार ४० जनाले ल्याब परिक्षण र ८ जनाले यु. एस. जी सेवा समेत लिएका छन् ।

महानगरपालिकाले नगरवासीको घरदैलोमै स्वास्थ्य सेवा पुऱ्याउने उदेश्यले सन्चालन गरेको कार्यक्रम यसअघि वडा नम्बर १७, १८, ३०, ३१ र ३२ गरि ५ वटा वडामा सम्पन्न भइसकेको छ । बिरामीको अवस्था हेरी मोबाइल ल्याबबाट तत्कालै रगत परिक्षण गराइ समस्या अनुसार नि:शुल्क औषधी पनि वितरण हुदै आएको मेयर घरदैलो स्वास्थ्य कार्यक्रम यसअघि सन्चालन गरिएको पाँच वडामा उपलब्धिमूलक रहेको मेयर राजेशमान सिंहले बताए ।

घरदैलोमै सबै खालका चेकजाँच हुने गरी स्वास्थ्य सेवा पुगेपछि सदरमुकाम धाइरहने अवस्था हटेकोले स्वास्थ्य चेकजाँच गराउन आउने सेवाग्राहीको भीडभाड लाग्ने गरेको वीरगन्ज महानगरपालिकाका आम सञ्चार माध्यम प्रर्बधन तथा नियमन समितिका सदस्य अमित अग्रवालले बताए ।

खासगरी वृद्धवृद्धा , गर्भवती महिला तथा अन्य स्वास्थ्य समस्या भएका महिलाहरुका लागि सहज बाताबरण रहेकोले महिलाहरू निर्धक्क रुपले

***बाँकी तेश्रो पृष्ठमा***




# मधेशमै किन खुम्चिए मधेशवादी दल ?





**रासस ,वीरगञ्ज, १२ मंसिर ।** जनआन्दोलनअघि कांग्रेस र त्यसयता मधेसवादी दलका उम्मेदवारको आधार क्षेत्र मानिएको मधेश प्रदेशको राजधानी धनुषा-३ जनकपुरधाम क्षेत्रबाट यो पटक नेकपा (एमाले)ले चुनाव जितेको छ ।

यहाँ लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का नेता अनिल झालाई पराजित गर्दै एमाले उम्मेदवार जुलीकुमारी महतो ( महासेठ) निर्वाचित भएकी छन्।

शुक्रबार (मङ्सिर ९ गते) जनकपुरधामस्थित निधि भवनमा महतो निर्वाचित भएको घोषणा गर्ने कार्यक्रम थियो । धनुषाको त्यही क्षेत्रबाट अघिल्लो पटक मधेस आन्दोलनका मुख्य नेतामध्येका एक राजेन्द्र महतोले नेपाली कांग्रेसका संस्थापक महेन्द्रनारायण निधि र उनका पुत्र कांग्रेस पूर्वउपसभापति विमलेन्द्र निधि परिवारको विरासत भत्काएका थिए ।

यता झाले निर्वाचनमा पराजय भएको औपचारिक घोषणा हुँदै गर्दा थियो, उता यही क्षेत्र छोडेर सर्लाही-२ पुगेका राजेन्द्र महतोले निकै चुनौतीको सामना गरिरहेको खबर आइरहेका थिए । महतोलाई चुनौती दिने नेता थिए, मधेश आन्दोलनकै अगुवा महेन्द्र राय यादव ।

मधेशी नागरिकलाई सङ्गठित गरी अधिकारको आन्दोलनमा लामबद्ध गर्नेमध्येका मुख्य नेता तत्कालीन मधेशी जनअधिकार फोरमका संस्थापक र अहिलेको जनता समाजवादी पार्टी (जसपा) अध्यक्ष उपेन्द्र यादवले पराजय बेहोरेको घोषणा भइसकेको थियो, त्यो पनि मधेश अधिकार आन्दोलनकै नाराले उदायका डा. सिके राउतबाट। उता महतो आफ्नै सहकर्मीबाट हार्दै थिए, यता झा आफ्नै सहयात्री दल जसपाकै असहयोगले हार्दै थिए ।

भाइ फुटे गवार लुटे भनेको यही त रहेछ हजुर, अन्तिम चुनावी परिणाम सुनिरहेकामध्येका जनकपुरधाम-३ का ६१ वर्षीय राजेन्द्र भगत भन्दै थिए, यति छिट्टै यस्तो होलाजस्तो लागेको थिएन ।

उनले मधेशमा एकल सरकार बनाउन सक्ने हैसियत बनाएका दल रक्षात्मक अवस्थामा पुगेको देखेर आफूलाई निकै दु:ख लागेको बताए ।

'खुसी हुने कि दु:खी' अन्योलमा थिए जनकपुरधाम-१ का ६५ वर्षीय धनीवीर दास पनि । हिजो हामी पनि उहाँहरु सँगसँगै लडेको हो अधिकारका लागि तर अहिले सबै अलगअलग हुनुहुन्छ, उनले भने, त्यसको फाइदा त अरुले उठाए नि! यो दु:खद् हो ।

जनकपुधाम-४ का ५८ वर्षीय फुलगेन साहले अहिलेको परिणामले आफूलाई आश्चर्य नलागे पनि मधेश आन्दोलनका नेताहरुले चुनाव हारेकामा नराम्रो लागेको प्रतिक्रिया दिए ।

राम्रो त भएन तर के गर्नु जनता रिसाएपछि, साह भन्छन्, अधिकारको नाराले मात्रै केही हुँदैन, अवसर पाएको बेला काम गर्नुपऱ्यो नि ।

सोही ठाउँका २१ वर्षीय अनुराज झा पनि यस्तै भन्दै थिए, जनता बदलाव चाहन्छन्, अवस्थामा बदलाव। न बदलाव भयो न नेताहरु बदलिए, न त उनीहरु एक ठाउँमा भए। त्यसैले परिणाम यस्तो आयो ।

देशभर चुनावको अन्तिम परिणाम आउने क्रममा छ । मधेश प्रदेशमा पनि चुनावी चित्र प्रष्ट भइसकेको छ 'अरु चम्किए, मधेसवादी खुम्चिए'। यो परिणामका विविध पाटाको समीक्षा हुँदै जानेछ ।

मधेश प्रदेशको राजधानी जनकपुरधाम धनुषामा भने मतगणनाको प्रारम्भिक नतिजासँगै बहस सुरु भइसकेको छ । यहाँका युवादेखि वृद्ध, व्यापारीदेखि ग्राहक, जागिरेदखि बुद्धिजीवी सबैले यसपटकको निर्वाचनको परिणामप्रति चासो व्यक्त गरिरहेका छन् ।

**'मधेश आन्दोलनका महारथी एकले जिते दुईले हारे'**

भनिन्छ चुनावमा हारजीत स्वाभाविक हो । देशभरि पटकपटक मन्त्री र पार्टी सत्तामा पक्कड भएका नेताहरु पनि राजनीतिको कखरा सिक्दै गरेकाहरुबाट पराजित भएका छन् । मधेशमा पनि त्यस्तै तर केही फरक भएको छ ।

यहाँ विकल्पको रुपमा नयाँलाई कम पुरानै पार्टीतर्फ बढी जनमत फर्किएको छ । पार्टी नेता तर चुवावमा स्वतन्त्रको हैसियतमा भएकाहरु चम्किएका छन् ।

मधेश राजनीतिका तीन महारथी महन्थ ठाकुर, उपेन्द्र यादव र राजेन्द्र महतोमध्ये एक जनाले मात्रै जितेका छन् । ठाकुरले महोत्तरी ३ मा हिजोको सहयात्री दल जसपाका उम्मेदवार हरिनारायण यादवलाई पराजित गरेका छन् ।

महतोले सर्लाही-२ मा लामो समय सहयात्रा गरेका महेन्द्र राय यादवबाट हार बेहोर्नुपरेको छ । यादवले सप्तरी-२ मा मधेशीकै मुद्दाले स्थापित जनमत पार्टीका अध्यक्ष डा सिके राउतबाट पराजय हुनु परेको छ । त्यसैले पनि मधेशको हार र जीत दुवै विशेष छ । यहाँ हार्ने आफ्नै, हराउने पनि आफ्नै ।

विश्लेषक रोशन जनकपुरी पनि अरु ठाउँको भन्दा मधेशको हारजीत फरक र विशेष रहेको बताउँछन् । मधेशकै मुद्दा उठाएर स्थापित हुन खोजेको जनमत पार्टीले जनमत बढाउँदै गएको छ, हार्ने ठाउँमा पनि यिनै दलका उम्मेदवार निकटतम प्रतिस्पर्धी छन्, उनले भने, आपसमा लडेपछिको परिणाम यस्तै त हुन्छ ।

उनले मधेशवासीले दलले अवसर पाएका बेला जनअपेक्षाअनुसार काम गर्न नसकेकाले जनविश्वास भड्किँदै गएको बताए । हिजोका मुद्दा यथावत छन्, मधेशवादी दलहरुमा राजनीतिक चरित्र अस्थिर रह्यो, त्यसकै प्रतीकात्मक अभिव्यक्ति हो अहिलेको परिणाम, जनकपुरी भन्छन्, जनतामा के मा र किन मत दिने भन्ने द्विविधा त थियो नै, मत विभाजित भएपछि अरुले फाइदा उठाए ।

अर्का विश्लेषक डा. राजेन्द्र विमल पनि मधेशवादी दलहरुले यहाँबाट आर्जित शक्तिलाई मधेशका मुद्दा सम्बोधन गर्नेतर्फ सही रुपमा प्रयोग नगरेकै कारण जनताले आशा र निराशासहित अभिमत जाहेर गरेको बताए ।

अहिले देशभरि जनताहरु आक्रामक छन्, यहाँका नेताहरुले पनि मधेसका जनताको भावना बुझ्न सकेनन्, डा विमलले भने, मधेसका मुद्दा सम्बोधन गर्न इमान्दार प्रयत्न नभएको लागेरै जनताले यस्तो गरेका हुन सक्छन् ।

यसपाली मधेश आन्दोलनका सहयात्री दलहरु फरकफरक कित्तामा उभिएका कारणले त हुँदै हो विगत पाँच वर्षमा प्रदर्शन गरेको अस्थिर राजनीतिक चरित्र पनि मधेशवादी दलहरुलाई महँगो परेको धेरैको बुझाइ छ। हुन पनि विसं २०७४ मा गठबन्धन र पछि पार्टी एकता गरेका नेताहरु सत्ता राजनीतिकै कारण फेरि फुटे ।

उम्मेदवारी दर्ताको केही दिन अघिसम्म सत्ता गठबन्धनमा रहेको जनता समाजवादी पार्टी अन्तिम समयमा प्रतिपक्षी एमाले कित्तामा गयो । एमाले कित्तामै रहेको लोकतान्त्रिक समाजवादी पार्टीले सत्ता गठबन्धनसँग सहकार्य गऱ्यो । पुराना सहयात्री यी दलको यही व्यवहारलाई जनताले मन नपराएको डा सुरेन्द्र लाल बताउँछन् ।

उनले राष्ट्रिय पार्टी र मधेशवादी दलबीचको फरक नछुटेकै कारण मधेशका जनता पनि विभाजित भएको बताए । हुन त काठमाडौँमा जे भयो मधेशमा पनि त्यही भयो, डा लालले भने, फेरि किन मत हाल्ने भन्ने बारे जनतालाई आश्वस्त पार्न नसकेपछि हुने यस्तै हो ।

पुरानै पार्टीतिर फर्कियो जनमत

पाँच वर्षअघि तत्कालीन सङ्घीय समाजवादी फोरम (हालको जसपा) र राष्ट्रिय जनता पार्टी (हालको लोसपा) ले आफ्नै बलबुतामा प्रतिनिधिसभाका ३२ मध्ये १९ र प्रदेशसभामा ६४ मध्ये ३४ सिट जितेका थिए ।

त्यसबेला सङ्घीय समाजवादी फोरमले प्रतिनिधिसभामा नौ र प्रदेशमा १९ तथा राजपाले प्रतिनिधिसभामा १० र प्रदेशमा १५ स्थानमा जितेको थियो । यसपटक भने फरक कित्तामा रहेका यी दुई पार्टीमध्ये जसपाले प्रतिनिधिसभामा छ र लोसपाले तीन गरी नौ स्थानमा जीत निकालेका छन् । त्यसैगरी प्रदेशसभामा क्रमश: नौ र सात गरी १६ स्थानमा जितेका छन् ।

यी दुई पार्टीले समग्रमा प्रतिनिधिसभामा नौ र प्रदेशसभामा १८ सिट गुमाएका छन् । यी सिटमध्ये मधेशवादी दल जनमत पार्टीले प्रतिनिधिसभाको एक र प्रदेशसभाको छ स्थान ओगटेको छ ।

समग्रमा जसपा र लोसपाबाहेकका पार्टी तथा स्वतन्त्रले प्रतिनिधिसभाका २३ र प्रदेशसभाका ४८ स्थान आफ्नो पक्षमा पारेका छन् । जबकी अघिल्लो पटक प्रतिनिधिसभामा र प्रदेशसभामा क्रमश: दुई र १४ स्थानमा जितेको एमालले यो पटक प्रतिनिधिसभामा आठ र प्रदेशसभामा १४ स्थान जितिसकेको छ ।

प्रदेशसभाको परिणाम आउन बाँकी एक सिटमा एमाले उम्मेदवार अगाडि छन् । त्यसैगरी अघिल्लो पटक प्रतिनिधिसभामा छ र प्रदेशसभामा नौ सिटमै चित्त बुझाएको कांग्रेसले यो पटक प्रतिनिधिसभामा एक सिट बढाएर सात र प्रदेशमा चार सिट बढाएर १३ पुऱ्याएको छ ।

प्रतिनिधिसभाको परिणाम आउन बाँकी एक सिटमा कांग्रेस उम्मेदवार अगाडि छन् । मधेशवादी दल मात्रै होइन, अरु पार्टीभन्दा मधेश पक्षधर भनिएको माओवादी केन्द्रले पनि प्रतिनिधिसभामा अघिल्लो पटक जितेको (पाँच) सिटबाट चार र प्रदेशमा (अघिल्लो पटक छ) दुई सिट गुमाएर चार सिटमा चित्त बुझाएको छ ।

यसबाहेक एमाले विभाजन गरेर बनाइएको माधवकुमार नेपाल नेतृत्वको एकीकृत समाजवादीले प्रतिनिधिसभाका दुई र प्रदेशसभाका चार स्थान सुरक्षित गरेको छ ।

सङ्ख्यात्मकरुपमा अब सबै मधेशवादी दलहरु मिलेर पनि प्रदेश सरकार बन्ने अवस्था गुमेको छ । अघिल्लो पटक जसपा र लोसपा मिलेर एकल सरकार बनेको थियो ।

देशमा राजनीतिक उथलपुथल हुँदा पनि जसपा नेतृत्वको मधेश सरकारका मुख्यमन्त्री लालबाबु राउतले पाँचै वर्ष सरकार चलाएका थिए । तर अब मूलधारका राष्ट्रिय पार्टीको सहयोगबिना सरकार बन्न नसक्ने अवस्था आएको छ ।

आशा र निरासाको अभिव्यक्ति

विश्लेषक जनकपुरी मधेशमा मधेशवादी पार्टी र समग्रमा मधेस र उत्पीडित जनताको पक्षधर मानिएको माओवादी शक्ति कमजोर हुनुको सङ्केत राम्रो नभएको बताउँछन् । मधेशको कुरा गर्दा मधेशवादी दलमा आएको मत फेरि पुरानै पार्टीतिर फर्किन सुरु भएको छ । समग्रमा परिवर्तनका पक्षधर दलप्रतिको आक्रोस मतदानबाट पनि पोखिएको छ, उनले भने । उनले मधेश तथा परिवर्तनकारी जनतामा संवेदना बाँकी नै रहेकाले हिजो गरिएका वाचा पूरा गर्न र गुम्न थालेको साख फर्काउन इमान्दार प्रयत्न गर्न लाग्नु नै दलका लागि हितकर हुने बताए ।

विश्लेषक डा. राजेन्द्र विमलले नयाँ पुस्ता र नयाँ पार्टीको उदयलाई देशले परिवर्तन चाहेको अर्थमा बुझ्न सकिए पनि राष्ट्रिय एकता र परिवर्तनको मुद्दा बोक्ने कमजोर हुँदै जानु राम्रो नभएको बताए ।

अहिलेको परिणाम आशा र निराशाको समिश्रण मात्रै हो। नेता र दलहरु नबदलिएमा जनता त बदलिन्छन् नै, डा. विमलको भनाइ छ, अविश्वासले आक्रोसको रुप लिनुअघि नै हामी सबै बदलिन जरुरी छ । पक्कै सुन्दर बिहानी आउँछ। अँध्यारा पक्ष मेटिदै जान्छन् ।

विश्लेषक डा. सुरेन्द्र लालले पनि अहिलेको परिणामले मधेशवादी र परिर्वतनकारी शक्तिहरुले आफूलाई रुपान्तरण गर्न जरुरी रहेको बताउँछन् ।

जे गरे पनि जनताले मत हालिहाल्छन् भन्ने मनोविज्ञानलाई अहिलेको परिणामले बदल्न चेतावनी मात्रै दिएको भन्दै डा. लालले दलहरु बाँकी समय पनि नेताहरु नसुध्रिएमा समस्या हुने बताए ।

सत्ता र शक्तिका लागि आजसम्म भएका क्रियाकलापले सबै एकै त हुन् नि भन्ने अवस्था बनेको छ । राष्ट्रिय पार्टी र मधेशवादी दलहरुको फरक छुटिएन । जनजीवीका, सामाजिक रुपान्तरण र समृद्धिका मुद्दा नारामै सीमित भए, डा लालले भने, अब आर्थिक सामाजिक रुपान्तरण र समृद्धिका लागि कार्यशैली बदल्न जरुरी भइसकेको छ।

नभए जनताका अगाडि सधै विकल्प हुन्छन् ।

देशभरको अवस्था हेर्दा राष्ट्रिय स्वतन्त्र

***बाँकी तेश्रो पृष्ठमा***